आर्थिक वर्ष २०७५/७६ का कार्यपालिकाले गरेका निर्णयहरुको संक्षिप्त विवरण

बैठक नं: ४३ मिति :२०७५।०४।१८

| क्र सं | बैठकका प्रस्ताव | बैठकको संक्षिपत विवरण | कैफियत |
|---|---|---|---|
| १ | बजेट विनियेजनको पुर्णता सम्बन्धमा | वडागत रुपमा बाँडफाड गरिएको बजेट रकमलाई सम्बन्धित वडाले र गाउँपालिका स्तरको बजेट गाउँपालिकाबाट ब्रेकडाउन तथा कार्यक्रम तर्जुमा गरी कार्यपालिकामा पेश गरेर पारित गरी सभामा पेश गर्ने निर्णय गरियो । | |
| २ | सभामा प्रस्तावित विनियोजन तथा आर्थिक विधेयक सम्बन्धमा | आ.व. ०७५।७६ का लागि गाउँपालिका अध्यक्षबाट पेश गरिएका आर्थिक ऐन विनियोजन ऐन तथा निती कार्यक्रममा सामान्य हेरफेर गर्ने र सभामा पेश गर्ने निर्णय गरियो । | |
| ३ | गाउँपालिका रणनितिक योजना तथा परिवर्तनका सूचक सम्बन्धमा | गाउँपालिकाका रणनैतिक योजनाका लागि पेश गरिएको सानीभेरी गाउँपलिका परिवर्तनका सूचक सभामा पेश गरिएको नै कायम गर्ने र थप विषायबस्तुकालागि क्षेत्रगत रुपमा वडाबाट बुदागत रुपमा श्रावण मसान्त भित्र पेश गरी भावि रननैतिक योजना निर्माण गर्ने निर्णय गरियो । | |
| ४ | बस्ती विकास,सहरी योजना तथा भवन निर्माण समबन्धी आधारभूत मापदण्ड,२०७२ लागु गर्ने सम्बन्धमा | बस्ती विकास,सहरी योजना तथा भवन निर्माण समबन्धी आधारभूत मापदण्ड,२०७२ लागु गर्ने र सो को आवश्यक तयारी प्राविधिक शाखाले गर्ने निर्णय गरियो । | |
| ५ | जग्गाको न्यूनतम दररेट निर्धारण सम्बन्धमा | गाउँसभामा पेश गरिएको गाउँपालिका भित्रको जग्गाको न्यूनतम दररेट निर्धारण गर्ने निर्णय गरियो ।<br>(निर्धारण गरीएको दररेट गाउँपालिकाको वेवसाइटमा हेर्न सकिने छ । ) | |